CWIN

For Children, With Children

बालबालिकाको लागि, बालबालिकाको साथमा

# नेपालको बालअधिकार आन्दोलनका गौरवपूर्ण ३६ वर्षहरू

नेपालको बालअधिकार आन्दोलनले क्रियाशीलताका ३६ वर्ष पूरा गरेको छ । नेपालमा बालअधिकारका प्रणेता गौरी प्रधानको नेतृत्वमा त्रिभुवन विश्व विद्यालयका केही विद्यार्थीहरूको समूहद्वारा सन् १९८७ मा सिविन-नेपालको स्थापना पश्चात नेपालको बालअधिकार आन्दोलनको शुरुवात भएको थियो । मानवअधिकार र लोकतन्त्रको बहालीको आन्दोलनमा सक्रिय जागरुक विद्यार्थीहरूको अगुवाइमा स्थापित सिविन, नेपालको पहिलो बालअधिकारमुखी संस्थाका रूपमा सुपरिचित छ ।

संयुक्त राष्ट्रसंघ बालअधिकारसम्बन्धी महासन्धि पारित हुनु अगावै सिविनले नेपाली बालबालिकाको हक अधिकारको लागि पैरवी शुरू गरिसकेको थियो । सिविन-नेपालको नवीनतम सोच एवं अथक प्रयासबाट



कुनै सरोकारको विषय नरहेको बालअधिकारको विषय यतिबेर एउटा राष्ट्रिय राजनीतिक बिषय हुँदै सार्वजनिक चासोको विषयमा रूपान्तरित भैसकेको छ ।

सिविन-नेपालले न्यायपूर्ण, समृद्ध, समावेशी, लोकतान्त्रिक र शान्तिपूर्ण नयाँ नेपालको परिकल्पना गरेको छ जहाँ सबै बालबालिका सशक्त भएका हुनेछन् र राज्यले उनीहरूका सबै अधिकारको प्रत्याभूतिका लागि पूर्ण जिम्मेवारी लिएको हुनेछ । हाम्रो यस ध्येयलाई सार्थक बनाउनको निम्ति सिविनले बालबालिका तथा समान विचारभएका संघसंस्थाहरूसँगको ऐक्यवद्धता, साझेदारी, जन परिचालन, नीतिगत पैरवी तथा बालबालिकासँगको प्रत्यक्ष कार्य मार्फत बालअधिकार आन्दोलनलाई निरन्तरता दिइरहेको छ । यसबाट बालबालिकाको हितमा नीति तथा संयन्त्र निर्माण हुनुका साथै ती नीतिहरूमा बालबालिकाका आवाजलाई समेट्न पनि सफल भएका छौं ।

सिविन-नेपालले बालअधिकारसँग सम्बन्धित विविध बिषयहरू जस्तै गुणस्तरीय शिक्षा र सीप शिक्षामा पहुँचको अभाव, गुणस्तरीय स्वास्थ्यसेवामा पहुँचको अभाव, बालबालिका तथा किशोरकिशोरीहरूको मानसिक स्वास्थ्य



एवं बालश्रमशोषण, सडक आश्रित बालबालिका, बालविवाह, पर्यटन क्षेत्रमा बालसंरक्षण, इन्टरनेट अनलाइनमा बालसुरक्षा, ओसारपसार, हेला, दुर्व्यवहार र परित्यक्तता, यौन शोषण, जस्ता बालसंरक्षणका संवेदनशील एवम् महत्वपूर्ण विषयहरू लगायत बालबालिकाको निम्ति जलवायु न्यायका विषयमा अनुसन्धान समेत गरी यी मुद्दाहरूलाई बालबालिकासँगको साझेदारीमा नवीनतम कार्यक्रमहरूका साथ निरन्तर सम्बोधन गर्दै आइरहेको छ ।




विगत ३६ वर्षमा बाल हेल्पलाइन नेपाल १०९८ तथा बाल सहभागितामूलक कार्यक्रमहरू जस्ता महत्वपूर्ण कार्यक्रमहरूबाट बालश्रम शोषण, यौन दुर्व्यवहार, बेचबिखन तथा व्यवसायिक यौन शोषण लगायतका शोषण र दुर्व्यवहारको जोखिममा परेका १६ लाख बालबालिकालाई प्रत्यक्ष सहयोग पुऱ्याउन सफल भएका छौं । उनीहरूलाई सिविनले संरक्षण दिनुका साथै उनीहरूको सामाजिक पुनएकीकरण, शिक्षा तथा आत्म निर्भरताका लागि मद्द्द गरेको थियो ।

बालबालिका आजका नागरिक हुन् । दृढ निश्चयका साथ आफ्नो उद्देश्यमा निरन्तर अगाडि बढिरहन सिविनका लागि बालबालिका नै प्रथम प्रेरणाका स्रोत रहँदै आएका छन् । सिविनद्वारा सञ्चालित विभिन्न कार्यक्रमहरूका माध्यमबाट बालबालिकामा आएको सकारात्मक परिवर्तनको साक्षी भैरहँदा हामीमा अनन्त उर्जा पैदा हुने गर्दछ । उनीहरूको सशक्तीकरण र निर्णय क्षमताले उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउँछ,



उनीहरूको सुसूचित सहभागिताले लोकतन्त्रलाई बलियो बनाउँछ र शुसासनमा उनीहरूको सहभागिताले परिवर्तनका लागि दिगोपना प्रदान गर्दछ ।

आउँदा दिनहरूमा बालअधिकार आन्दोलनलाई अझै सशक्त बनाउन बालबालिका, समुदाय, सरकारी निकायहरू र साझेदारहरूको ऐक्यवद्धता र सहयोगबाट व्यापक सामाजिक परिचालन र नीति निर्माण प्रक्रियामा बालबालिकाको सक्रिय संलग्नतालाई सुनिश्चित गर्दै नेपालको बालअधिकार अभियानलाई सिविनले निरन्तर योगदान पुऱ्याउनेछ । अनुसन्धानका माध्यमबाट ज्ञान निर्माण गर्ने कार्यलाई हामी निरन्तरता दिनेछौं र नेपालका सातै प्रदेशलाई समेट्दै बालबालिका विरुद्ध हुने दुर्व्यवहार तथा शोषण विरुद्ध जुझ्ने तागत बढाउन संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरू, नागरिक समाज र निजी क्षेत्रसँग समन्वय र साझेदारी गर्नेछौं । यसका साथै सिविनले बालबालिकाका क्षेत्रमा आइरहेका नवीनतम मुद्दाहरूलाई सृजनशील सोचका साथ समयमा नै सम्बोधन गरिरहने छ ।

सिविनले स्थानीय, प्रदेश तथा संघीय तीनै तहका सरकारहरूसँग विश्वासिलो र बहुआयमिक सम्बन्ध विकास गर्दै आइरहेको छ । नेपालको नागरिक समाजको आन्दोलनको सिविन एउटा अभिन्न अंग हो र यसले नागरिक समाजका संघसंगठनहरू तथा तिनका सञ्जालहरूको सशक्तीकरणका लागि महत्वपूर्ण योगदान पुऱ्याई रहेकोछ । यसैगरी विभिन्न

अन्तर्राष्ट्रिय नागरिक समाजका संघसंस्थाहरूका सञ्जालहरूको समेत सिविन सदस्य रहँदै आएको छ । शुरुवात देखि नै बालअधिकारलाई सबैको सरोकारको रूपमा स्थापित गर्न सिविनले मानव अधिकार, महिला अधिकार, शान्ति अभियान इत्यादि नागरिक अधिकारका आन्दोलनहरूमा आफ्नो सक्रिय संलग्नता र ऐक्यवद्धता स्थापित गर्दै आइरहेको छ ।

नेपालको पहिलो बालअधिकार संस्थाका रूपमा बालअधिकारका क्षेत्रमा हामीले गौरवशाली उपलब्धीहरू हासिल गरेका छौं ।

## सिविन-नेपाल गौरवशाली उपलब्धीहरू

- सिविन-नेपालले संयुक्त राष्ट्र संघीय बालअधिकार महासन्धि पारित हुनु तीन वर्ष अगावै सन् १९८७ मा बालअधिकारको मुद्दालाई उठान गरिसकेको थियो ।
- सन् १९८८ मा सिविन-नेपालले पहिलो दक्षिण एसिया स्तरको बालश्रमसम्बन्धमा सम्मेलन आयोजना गरेको थियो ।



- वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनर्वहाली भएपछि नेपालको संविधानमा बालअधिकारलाई समाविष्ट गराउन सिविनले योगदान पुऱ्याएको थियो ।



- नेपालको संविधान निर्माण प्रक्रियामा बालसहभागिता सुनिश्चित गर्न सिविन-नेपालले सन् २००७ मा मुलुकभरीबाट दश लाख बालबालिकाको औंठाछाप संकलन गरी उनीहरूका आवाजलाई संविधान सभासम्म पुऱ्याउन नेतृत्वदायी भूमिका खेलेको थियो । यसक्रममा नयाँ बन्न लागेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा बालबालिकाका विषयहरूलाई मौलिक अधिकारका रूपमा समावेस गराउन १२ हजार बालबालिकाले संविधान सभाका ६०१ जना सदस्यहरूलाई पत्र समेत लेखेका थिए ।

- सिविन कमन रूम, हाम्रो साझा थलो र आवधिक गृह जस्ता सहभागीमूलक नमूना कार्यक्रम लागू गरी सिविनले नेपालमा पहिलो पटक जोखिम परिस्थितिमा रहेका विशेषगरी सडकसँग सम्बन्धित बालबालिकाको संरक्षण र सामाजिक पुनएकीकरणमा योगदान पुऱ्याएको थियो । यसक्रममा १३,६५० बालबालिकालाई सिविनले सफलतापूर्वक पारिवारिक तथा सामाजिक पुनएकीकरण गराएको थियो ।

- सन् १९९६ मा मुम्बई उच्च अदालतको आदेशमा मुम्बईका विभिन्न वेश्यालयबाट उद्धार गरिएका नेपाली चेलीहरूको स्वदेश फिर्तिका लागि सिविन-नेपालले नेतृत्वदायी भूमिका निर्वाह गरेको थियो । उनीहरूको स्वदेश फिर्तिमा योगदान पुऱ्याउने अन्य संस्थाहरूमा एबिसि नेपाल, स्त्री शक्ति, माइती नेपाल, ओरेक नेपाल, शान्ति पुनर्स्थापना गृह र नवज्योति केन्द्र रहेका थिए । स्वदेश फर्किएका चेलीहरूले बेचबिखन प्रभावितहरूको संसारकै पहिलो संस्था शक्ति समूह स्थापना गरे ।

- सन् १९९६ मा भएको बाल श्रम विरुद्ध दक्षिण एसियाइ यात्रामा सिविन-नेपाल सामेल भयो । यहि यात्राको विरासतमा सन् १९९८ मा बालश्रम विरुद्धको विश्वयात्रा भएको थियो । यस विश्वयात्राले बालश्रम प्रति विश्वव्यापी रूपमा व्यापक जनसरोकार बढाउनुका साथै निकृष्ट प्रकारको बालश्रम विरुद्धको आइएलओ महासन्धि नं. १८२ पारित गराउन महत्वपूर्ण योगदान पुऱ्यायो ।




- सिविन-नेपालले जोखिम परिस्थितिमा रहेका बालबालिकाको आपत्कालिन उद्धार तथा राहत्का लागि नेपालमा पहिलो पटक सन् १९९८ मा बाल हेल्पलाइन अवधारणालाई कार्यान्वयनमा ल्याएको थियो । सन् २००७ मा यस संरचनालाई नेपाल सरकार, नेपाल दूरसञ्चार प्राधिकरण र सिविन-नेपालको संयुक्त प्रयासबाट बाल हेल्पलाइन नेपाल १०९८ मा

रूपान्तरण गरियो । हाल सिविनले मोरङ्ग, मकवानपुर, काठमाडौं, कास्की, रूपन्देही, बाँके र कैलाली गरी ७ स्थानमा बाल हेल्पलाइनहरू सञ्चालन गरिरहेको छ भने सुर्खेत र जनकपुरमा क्रमशः आवाज नेपाल र आसमान नेपाललाई बाल हेल्पलाइन १०९८ सञ्चालनमा सहकार्य गर्दै आइरहेको छ । यसरी नेपालका सबै सात प्रदेशहरूमा बाल हेल्पलाइन मार्फत सिविनको उपस्थिति रहेको छ । यसबीच सिविनद्वारा सञ्चालित बाल हेल्पलाइनहरूमा हालसम्ममा ५ लाख ६० हजार टेलिफोन कलहरू प्राप्त भएका छन् भने ३० हजार ५ सयजना बालबालिकाको उद्धार गरी कानूनी लगायतका आवश्यक सेवा उपलब्ध गराइएको छ । यसमा ५१.६४ प्रतिशत बालक र ४८.३६ प्रतिशत बालिकाहरू रहेका छन् ।

- बाल दुर्व्यवहार तथा शोषणसम्बन्धका आपत्कालिन घटनाहरू सम्बोधन गर्नका लागि सिविन उपस्थित स्थानहरूका नेपाल सरकारको एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसिएमसि)सँग सिविनले समन्वय र सहकार्य गरिरहेको छ ।
- सिविन-बालिका कार्यक्रमबाट प्रत्यक्ष रूपमा कम्तिमा पनि २२ हजार बालिकाहरूको संरक्षण र सशक्तीकरणमा सिविन द्वारा सहयोग पुऱ्याइएको छ ।
- सन् १९९६ देखि २००६ सम्म मुलुकमा चलेको ससस्त्र द्वन्द्वका बेला सिविन-नेपालले 'बालबालिका शान्ति क्षेत्र हुन्' अभियानलाई आरम्भ र नेतृत्व प्रदान गऱ्यो ।
- ससस्त्र समूहसँग आवद्ध बालबालिका (CAAFAG) र Verified Minors and Late Recruits (VMLR) लगायत ससस्त्र द्वन्द्वबाट प्रभावित २० हजार बालबालिकालाई सिविन-नेपालले सहयोग पुऱ्याएको थियो ।

- ससस्त्र द्वन्द्व प्रभावित र शारीरिक तथा मानसिक अपाङ्गतामा रहेका बालबालिकाको सहभागितामा बालबालिकाको निम्ति शान्ति प्रवर्द्धनको उद्देश्यले सिविन-नेपालले 'शान्ति हाम्रो चाहना' नामक ऐतिहासिक सांस्कृतिक कार्यक्रम आयोजना गरेको थियो ।

- सिविन-नेपालले हालसम्ममा १ लाख १५ हजार ५ सयसाठी जना बालबालिकालाई प्रत्यक्ष शैक्षिक सहयोग उपलब्ध गराएको छ ।

- सिविन-नेपालले आत्मनिर्भरता केन्द्र मार्फत व्यावसायिक तालिम तथा लघु उद्यमशीलताको माध्यमबाट ७ हजार नवयुवा तथा युवा (१६ देखि २४ वर्ष उमेर समूह) लाई सहयोग पुऱ्याएको छ ।

- देशका विभिन्न भागहरूमा ६३० वटा बालक्लब, ७५ वटा किशोरी समूह र ७१८ वटा युवा समूहहरूसँग उनीहरूको सशक्तीकरणका लागि सिविन-नेपालले प्रत्यक्ष सहकार्य गरेकोछ । सिविन-नेपालले विगत दश वर्षदेखि राष्ट्रिय किशोरी सञ्जाललाई सहजीकरण गरिरहेको छ भने राष्ट्रिय किशोर सञ्जालको गठन तथा क्रियाशीलतामा मद्दद गरिरहेको छ । किशोरकिशोरीका यी संस्थाहरू मार्फत सिविन मुलुकका सबै



७७ जिल्लाका एकलाख पचास हजार भन्दाबढी बालबालिका तथा नवयुवाहरू माझ प्रत्यक्ष पुगेको छ ।

- सिविन-नेपालसँग रहेको स्रोत तथा सूचना केन्द्रबाट ७० हजारभन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सोधकर्ता, विद्यार्थी, पत्रकार, अभियन्ता तथा सामाजिक कार्यकर्ताहरू लाभान्वित भएका छन् । सिविन-नेपालले बालअधिकारसँग सम्बन्धित १२० वटा भन्दाबढी अध्ययन अनुसन्धानहरू गरिसकेको छ ।

- २०७२ को विनासकारी भू-कम्पपछि सिविन-नेपालले ३ लाख १५ हजार भन्दा बढी प्रभावित मानिसहरूलाई आपत्कालिन राहत सहयोग उपलब्ध गराएको थियो । सिविनले २४२ वटा अस्थायी सिकाई केन्द्रको निर्माण, ५० वटा विद्यालयहरूको मर्मतसम्भार र २२ वटा विद्यालयहरूको पुनर्निर्माण गरेको थियो । पुनर्निर्माण गरिएका विद्यालयहरूमा विद्यालय बाल संरक्षण नीति निर्माण सहित गुणस्तरीय शिक्षाका लागि चाहिने अन्य सहयोग समेत उपलब्ध गराइएको थियो ।



- सिविन-नेपालले एनटिभि प्लसमा बाल सरोकार टेलिभिजन कार्यक्रमको ७६७ श्रृंखला उत्पादन तथा प्रसारण गरिसकेको छ । यसैगरी १५०२ वटा रेडियो कार्यक्रमहरू समेत उत्पादन तथा प्रसारण भएका छन् । यसक्रममा सिविनले बाल अधिकारका विभिन्न विधाहरूमा ६ वटा म्युजिक एल्बम र ६५ वटा भिडियोहरू उत्पादन गरेको छ ।
- संसारभरबाट समाजका विभिन्न क्षेत्रका २५ हजारभन्दा बढी व्यक्तिहरूले सिविनको 'सिविनका साथीहरू' नामक अवधारणा अन्तरगत संस्थामा स्वयम्सेवक र इन्टर्न भएर सघाएका छन् ।
- बालअधिकार, बाल संरक्षण र बाल सहभागिताका विषयमा सिविनले ३ लाख भन्दा बढी व्यक्तिहरूलाई तालिम उपलब्ध गराई उनीहरूको क्षमता अभिवृद्धिमा सघाउ पुऱ्याएको छ । यसैगरी बालअधिकारसम्बन्धी सचेतना अभियानहरू मार्फत ७० लाख भन्दा बढी नागरिककाबीच पुगेको छ ।



- सिविनले 'सह-सिर्जना' अवधारणाको विकास गरेको छ र साहित्यिक सिर्जनामा बालबालिकाको सहभागितालाई महत्वदिन सफल भएको छ ।

- सिविनले जलवायु न्याय र बालअधिकारका विषयमा बालबालिका र किशोरकिशोरीहरूको दृष्टिकोण र आवाजलाई सशक्त बनाउन प्रत्यक्ष साझेदारी गरिरहेको छ । सिविन-नेपालले 'ब्यानर्स टु व्याग' कार्यक्रम सञ्चालन गरिरहेको छ जस अन्तर्गत विभिन्न स्रोतबाट प्लाष्टिक व्यानर्सलाई अप साइकल गरी पुन: प्रयोग गर्ने झोला बनाउने गरिन्छ ।

- सिविन-नेपालले पहिलोपल्ट सन् २००८ मा अनलाइनमा बालसंरक्षणका पहलहरू नेपालमा आरम्भ गरेको हो । सिविनले नेपालमा अनलाइन बालयौन शोषणका सम्बन्धमा राष्ट्रियस्तरमा विभिन्न अध्ययन अनुसन्धान गरिसकेको छ । सिविनले भर्खरै अनलाइन यौन शोषणका घटनाहरूलाई सम्बोधन गर्नका लागि कार्य सञ्चालन विधि (एसओपि) निर्माण गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई नेपाल सरकारको सम्पत्तिका रूपमा हस्तान्तरण गरिसकिएकोछ । यसका साथै सिविनले अनलाइनमा यौनशोषणमा परेका बालबालिकाको संरक्षणको निम्ति बाल हेल्पलाइन मार्फत प्रत्यक्ष सेवा प्रदान गर्दै आइरहेको छ ।

- कान्ति बाल अस्पतालसँगको साझेदारीमा सिविन-नेपालले नेपालकै पहिलो बाल तथा किशोरकिशोरी मनोचिकित्सा बहिरंग सेवा सञ्चालन गरिरहेको छ । निकट भविष्यमा कान्ति बाल अस्पतालमा र मानसिक अस्पताल लगनखेलमा बालबालिका तथा किशोरकिशोरीहरूको निम्ति नेपालको पहिलो अन्तरंग सेवा समेत सञ्चालन हुँदैछ । यसै गरी, सिविन-नेपालले बाल मनोस्वास्थ्यका लागि स्वास्थ्य शिविर एवं टेलि स्वास्थ्य मार्फत सेवा विस्तार गर्नुका साथै पैसा नलाग्ने फोन सञ्चालन गरिरहेको छ । यसका अतिरिक्त बाल तथा किशोरकिशोरी




मनोचिकित्साका विविध पक्षमा राष्ट्रियस्तरका अनुसन्धान समेत सम्पन्न गरेको छ ।

- सिविन-नेपालले जलवायु परिवर्तनबाट बालबालिका तथा किशोरकिशोरीमा परेको असरलाई न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनबारे बालबालिका तथा किशोरकिशोरीलाई जागरुक बनाउन एवं बालअधिकार र जलवायु न्यायको विषयलाई व्यापक बनाउन पैरवी, अनुसन्धान, अभियान एवं किशोरकिशोरीको अगुवाईमा ग्रीनचक्र (Green Chakra: Young People's Platform fo Climate Justice) अभियानको प्रवर्द्धन गर्दै आइरहेको छ ।

- सिविन-नेपालले 'क्रियाशीलतामा आधारित पैरवी' अवधारणाका माध्यमबाट बालबालिकासँग सम्बन्धित राष्ट्रिय नीति, योजना तर्जुमा तथा कानून निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ ।

- सिविन-नेपालले बृहत् नागरिक समाज, मानव अधिकार र महिला अधिकार अभियानहरूसँग एकाकार हुँदै निरन्तर नागरिक समाजको आवाजलाई बुलन्द गरिरहेको छ ।
- सिविन-नेपालले हरेक वर्ष, विभिन्न परियोजना तथा कार्यक्रमका माध्यमबाट कम्तिमा पनि एकलाख बालबालिका तथा युवाहरूलाईसहयोग पुऱ्याइ रहेको छ । सिविनले जोखिम तथा कमजोर परिस्थितिमा रहेका २० हजार बालबालिकालाई उनीहरूको संरक्षण, मानसिक स्वास्थ्य, कानूनी उपचार, शैक्षिक सहयोग, व्यवसायिक तालिम र पारिवारिक तथा सामाजिक पुनर्स्थापनामा प्रत्यक्ष सहयोग पुऱ्याइरहेको छ ।

पछिल्लो ३६ वर्षको यात्रा सिविनका लागि चुनौतिपूर्ण र गौरवमय रहेको छ । अधिकारका पक्षमा नीतिगत एवं व्यवहारिक रूपमा थुप्रै उपलब्धीहरू हासिल भएका छन् । तथापि यस यात्रामा बालअधिकारको पक्षमा अडिग हुँदा, अपराधीहरूलाई न्यायको कठघरामा उभ्याउँदा र सरोकारवालाहरूलाई जिम्मेवार बनाइरहँदा हामीले अनगिन्ति व्यवधानहरूको पनि सामना गरेका छौं ।



प्राकृतिक विपत्ति, ससस्त्र द्वन्द्व र पछिल्लो कोभिडका बेला हामीले बालअधिकारको रक्षा र बालबालिकाको संरक्षणका लागि निरन्तर काम गरिरह्यौं । गतिशील संस्था हुनुको नाताले हामी सान्दर्भिक र सिर्जनशील रहँदै आएका छौं । हामी अनलाइन बाल संरक्षण, बालबालिका र जलवायु न्याय तथा बाल मनोस्वास्थ्यको विषयलाई उठाउने नेपालमा अग्रणी संस्था भएका छौं । बालबालिका र किशोरकिशोरीहरूको साथ एवं नागरिक समाजको ऐक्यवद्धता पाएर हामीले विषम परिस्थितिलाई सहजै पार गर्दै आएकाछौं जसले हामीलाई थप सृजनशील भएर हाम्रा कामलाई निरन्तरता दिन र 'बालबालिकाका लागि बालबालिकाका साथमा' भन्ने भावनामा अडिग रहन प्रेरित गरिरहेका छ ।

सिविनको केन्द्रमा रहेका बालबालिकासँगको साझेदारीमा प्रमाणमा आधारित पैरवी र लाखौं जोखिम अवस्थामा रहेका बालबालिकाको अधिकार प्रत्याभूतिका निम्ति दूरदृष्टि सहित विभिन्न रचनात्मक कार्यक्रमहरूका माध्यमबाट सिविनले नेपालको बालअधिकार आन्दोलनमा सक्रिय र नेतृत्वदायी भूमिका निर्वाह गरिरहने छ । साथसाथै नेपाल सरकारका विभिन्न निकायहरू, स्थानीय, प्रदेश एवं संघीय सरकार तथा राष्ट्रिय स्तरका सम्बन्धित सञ्जालहरू, अन्तर्राष्ट्रिय निकायहरू, तथा निजी क्षेत्रसँग पनि साझेदारी निरन्तर रहनेछ ।






सिविन–नेपालले 'बालबालिका राष्ट्रिय गौरव हुन्' अभियानलाई नेतृत्व प्रदान गर्दै आइरेको छ । यस अभियानलाई नागरिक समाजका २१ वटा राष्ट्रिय सञ्जालहरूले साथ दिइरहेका छन् । राज्यले बालबालिकाको अधिकार रक्षाका लागि पूर्ण जिम्मेवारी लिंदै उनीहरूको सर्वाङ्गिण विकास, शिक्षा र शारीरिक तथा मानसिक स्वास्थ्यमा लगानी बढाउनु पर्दछ । नागरिक समाजको विश्वासिलो अभियन्ताका रूपमा हामी बालबालिका र किशोरकिशोरीसँगको सहकार्यलाई निरन्तरता दिनेछौं । यसबाट उनीहरूले आफूलाई थप सशक्त बनाउँदै नीति निर्माणको प्रक्रियामा आफ्नो आवाज पुऱ्याउनुका साथै सम्मानित जीवन यापन र सबै नेपाली बालबालिकाको सुन्दर भविष्यको प्रत्याभूतिका लागि योगदान पुग्नेछ ।

"बालबालिका राष्ट्रिय गौरव हुन्"